नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर

# वैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिबिलिटी लेटर) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८३

चिकित्सा शिक्षा आयोग

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: ८।०८३
दर्ता मिति: २०८३।०३।०४

## वैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिबिलिटी लेटर) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८३

प्रस्तावना: राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ख. ले दिएको अधिकार प्रयोग गरी चिकित्सा शिक्षा आयोगले यो कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेद: एक
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "वैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिबिलिटी लेटर) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) "अनलाइन भुक्तानी प्रणाली" भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त भुक्तानी प्रणाली (इपेमेन्ट) सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र" भन्नाले नेपाली नागरिकहरूलाई विदेशमा चिकित्सा शिक्षा तर्फ उच्च शिक्षा अध्ययन गर्न जान प्रदान गरिने अध्ययन अनुमतिपत्र (इलिजिबिलिटी लेटर) सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा (३) बमोजिमको आयोग सम्झनु पर्छ ।

(घ) "उच्च शिक्षा" भन्नाले स्नातक तह वा सो भन्दा माथिल्लो तहको शिक्षालाई सम्झनु पर्छ ।

(ङ) "ऐन" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(च) "कार्यकारी समिति" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ८ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ ।

(छ) "चिकित्सा शिक्षा" भन्नाले स्वास्थ्य पेसासम्बन्धी सबै विधा र तहका शिक्षा (हेल्थ प्रोफेशनल एजुकेशन) सम्झनु पर्छ ।

(ज) "निर्देशक" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा २९ बमोजिमको निर्देशक सम्झनु पर्छ ।

(झ) "नियमावली" भन्नाले राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ लाई सम्झनु पर्छ ।

(ञ) "परिषद्" भन्नाले सम्बन्धित विषय अध्ययन पश्चात पेसा व्यवसाय गर्न अनुमति दिन कानूनद्वारा गठित परिषद् वा काउन्सिललाई सम्झनु पर्छ ।

(ट) "विश्वविद्यालय" भन्नाले चिकित्सा शिक्षा प्रदान गर्न, गराउन प्रचलित कानुन बमोजिम स्थापित विश्वविद्यालय सम्झनु पर्दछ र सो शब्दले उच्च शिक्षा अध्यापन गराउने गरी ऐनद्वारा स्थापित प्रतिष्ठानसमेतलाई जनाउँछ ।

(ठ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ड) "समिति" भन्नाले दफा ६ बमोजिमको अनुमतिपत्र व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ढ) "शैक्षिक सत्र" भन्नाले एक प्रवेश परीक्षाको नतिजा प्रकाशन भएपछि सोही तहको अर्को प्रवेश परीक्षाको नतिजा प्रकाशन नभएसम्मको अवधिलाई सम्झनु पर्छ ।

## परिच्छेदः दुई

## अनुमतिपत्रका लागि योग्यता, निवेदन प्रक्रिया ,रूजु तथा जाँचबुझ सम्बन्धी व्यवस्था

३. **वैदेशिक अध्ययन अनुमतिपत्रका लागि न्यूनतम योग्यता तथा सर्त बन्देजः** (१) चिकित्सा शिक्षाको एकेडेमिक/शैक्षिक कार्यक्रममा उच्च शिक्षा अध्ययन गर्न विदेशमा जान चाहने देहाय बमोजिमको न्यूनतम योग्यता हासिल गरेका तथा देहायका शर्त बन्देज पूरा गरेका नेपाली नागरिकले अनलाईन निवेदन पेस गर्न सक्ने छन् ।

(क) जुन तह तथा विषयको अध्ययन गर्न जाने हो सोही तह तथा विषयको चिकित्सा शिक्षा आयोगबाट लिएको एकीकृत प्रवेश परीक्षा उत्तीर्ण गरेको,

(ख) खण्ड (क) मा जुन सुकै बेहोरा उल्लेख भए तापनि विदेशका कुनै संस्थाले राष्ट्रियस्तरको रुपमा लिएको कुनै तहं तथा विषयको प्रवेश परीक्षालाई कार्यकारी समितिले राष्ट्रियस्तरको परीक्षा भनी मान्यता दिएकोमा मान्यता दिएको तह तथा सम्बन्धित विषयको प्रवेश परीक्षामा सहभागी भई सोही देशको परीक्षा प्रणाली अनुसार उतीर्ण भई सोही देशमा अध्ययनका लागि अफर लेटर प्राप्त गरेमा सोही मुलुकमा अध्ययनको लागि अनुमति पत्र दिन सकिने छ,

(ग) नेपालमा अध्यापन नहुने वा आयोगले एकीकृत परीक्षा सञ्चालन नगरेका विषयमा अध्ययन गर्नका लागि जुन तहमा अध्ययन गर्न विदेश जान चाहेको हो सोही तहको आयोगबाट लिइएको मिल्दो जुल्दो सम्बन्धित विषयगत काउन्सिलमा दर्ता हुने विषयमध्ये कुनै विषयको एकीकृत प्रवेश परीक्षा उत्तीर्ण गरेको (उदाहरणका लागि स्नातक तहको एनस्थेसिया विषय अध्ययन गर्न +२ वा सो सरहमा बायो समूह लिएका विद्यार्थीका लागि आयोगले



प्रा.डा. श्रीकृष्ण गिरी
अध्यक्ष

लिएको विपिएच, विएमएलटी जस्ता कुनै विषयको प्रवेश परीक्षा उत्तीर्ण गरेको ) व्यक्तिलाई अध्ययन अनुमति पत्र दिन सकिने छ,

(घ) आयोगद्वारा सञ्चालित स्नातकोत्तर तहको प्रवेश परीक्षा उतीर्ण गरेका चिकित्सकले एमबिबिएस वा विडिएस उत्तीर्ण भए पश्चात एक वर्ष कार्य अनुभव हासिल नगरी स्नातकोत्तर तहका एमडिजिपी, पब्लिक हेल्थ र वेसिक साइन्सका कार्यक्रम वाहेकका अन्य क्लिनिकल कार्यक्रममा अध्ययन गर्न जान अनुमतिपत्र पाउने छैनन,

(ङ) खण्ड (क), (ख) र (ग) मा जुन सुकै कुरा लेखिएको भए तापनि एकेडेमिक कोर्स वाहेक नन एकेडेमिक ट्रेनिङ कोर्स वा प्रोफेसनल कोर्स अध्ययन गर्न जान अनुमतिपत्र जारी गरिने छैन ।

(२) आयोगले सञ्चालन गरेको प्रवेश परीक्षा उत्तीर्ण गरी उक्त नतिजाको मान्य अवधि भित्रको शैक्षिक सत्रमा बिदेशी शैक्षिक संस्थामा अध्ययनका लागि जान चाही अनुमतिपत्रका लागि आयोगमा निवेदन पेस गरेका वा अध्ययन अनुमति पत्र लिइसकेका व्यक्तिलाई माग बमोजिमको तह तथा विषयमा अध्ययन गर्न जानु पूर्व सम्बन्धित देश, विश्वविद्यालयबाट सोही तह तथा विषय सोही देशको शिक्षणसंस्थामा सोहि शैक्षिक सत्रमा वा सो भन्दा पछिल्लो शैक्षिक सत्रमा अध्ययन गर्ने गरी अफरलेटर, प्रवेशआज्ञा वा कन्फर्मेशन परिवर्तन भएको प्रमाण पेस गरेमा पहिले नै प्रक्रिया शुरुगरेको, पेस गरेको निवेदनका आधारमा अनुमतिपत्र दिन बाधा पर्ने छैन।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन गर्न जाने कलेज वा विश्वविद्यालय रहेको देशका नागरिकले जुन सत्रमा सो कोर्ष अध्ययन गर्न पाउने व्यवस्था छ नेपाली विद्यार्थीले पनि सोही सत्रमा मात्र अध्ययन गर्न पाउने भएकोले विद्यार्थी स्वयम्ले यकिन गरी अनुमतिपत्र लिन निवेदन दिनुपर्ने छ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित विषयगत परिषद्मा दर्ता नहुने र त्रिभुवन विश्वविद्यालय वा उच्च शिक्षाको समकक्षता प्रदान गर्ने निकायले तोकेको अध्ययन अवधि वा न्युनतम क्रेडिट आवर नपुग्ने विषय अध्ययन गर्न जान अनुमतिपत्र जारी गरिने छैन।

४. <u>वैदेशिक अध्ययन अनुमतिपत्रका लागि निवेदन दिनु पर्ने:</u> (१) विदेशमा उच्च शिक्षा अध्ययन गर्न जान अनुमतिपत्र लिन चाहने नेपाली नागरिकले आयोगको अनलाइन प्रणाली मार्फत निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्रका लागि निवेदन गर्दा आयोगको अनलाइन निवेदन प्रणाली मार्फत फाराम भरी निवेदन गर्नुपर्ने छ ।

प्र.डा. श्रीकृष्ण गिरी
अध्यक्ष

(३) उपदफा (१) बमोजिमको अनुमति पत्रका लागि आयोगको अनलाईन प्रणालीमा फाराम भरी अनुसूची- १ मा उल्लिखित कागजातहरूको विद्युतीय छाँया प्रति (इलेक्ट्रोनिक स्क्यान कपि) समेत अनलाइन फाराममा अनिवार्य रूपमा संलग्न गर्नुपर्ने छ ।

(४) उपदफा (३) बमोजिमका संलग्न गर्नुपर्ने कागजातहरू कुनै देश वा शिक्षण संस्था वा शैक्षिक कार्यक्रम विशेषका लागि आयोगले अलग अलग मापदण्ड तोकी पेश गर्नुपर्ने कागजात निर्धारण गरी आयोगको अनलाईन प्रणालीबाट सूचना दिन सक्ने छ ।

(५) उपदफा (४) बमोजिमका देश वा शिक्षण संस्था वा शैक्षिक कार्यक्रम विशेषका लागि संलग्न गर्नु पर्ने कागजातको विवरण आयोगले अनलाइन फाराममा उल्लेख गरी आवश्यकता अनुसार अध्यावधिक गर्ने छ ।

(६) अनुमतिपत्रका लागि पहिलो पटक निवेदन गर्ने निवेदकले उपदफा (३) बमोजिम अनलाइन फाराम भर्न आयोगको अनलाईन प्रणालीमा आफ्नो आधिकारिक इमेल प्रयोग गरी उक्त इमेल ठेगानामा प्राप्त हुने कोड नम्बरका आधारमा रजिष्ट्रेसन गर्नुपर्ने छ ।

(७) उपदफा (६) बमोजिम एक पटक रजिष्ट्रेसन गरी सकेपछी प्राप्त हुने आइडि नम्बरका आधारमा विदेशमा चिकित्सा शिक्षा तर्फका तह तथा विषय अध्ययनमा जान निवेदन गर्न सक्नेछन् र पछी सोही तह तथा विषय वा माथिल्लो तह अध्ययन गर्न जादा समेत पहिले रजिष्ट्रेशन गरी प्राप्त हुने आइडिलाई नै प्रयोग गर्ने व्यवस्था मिलाउन सक्ने छ।

(८) नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरी सेवाका लागि कबुलियतनामा गरेका व्यक्तिले सम्बन्धित विषय हेर्ने मन्त्रालय वा निकायबाट तोकिए बमोजिम सेवा गरेको बेहोरा खुलाई प्रदान गरेको पत्र समेत संलग्न गरी निवेदन गर्नुपर्ने छ ।

(९) यस अघि नै अनुमतिपत्र प्राप्त गरेका व्यक्तिले तोकिएको योग्यता पुरा गरी सोही सत्रमा पुन अर्को देश तथा संस्थामा अध्ययन गर्न जान अनुमतिपत्र लिन चाहेमा उपदफा (६) बमोजिम यस अघि नै रजिष्ट्रेसन भएको युजर आइडी तथा पासवोर्ड प्रयोग गरी अध्ययन परिवर्तन गर्न चाहेको विवरण र सोसंग सम्बन्धित कागजात अनलाईन फाराममा प्रविष्टि गरी थप दस्तुर बैङ्क दाखिला गरी पुनः निवेदन गर्नुपर्ने छ ।

(१०) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले आँफुले अध्ययन गर्ने कोर्शको अध्ययन अवधि, क्रेडिट आवर पुग्ने नपुग्ने सम्बन्धमा यकिन गरेर मात्र अध्ययन अनुपतिपत्र मागको निवेदन दिनुपर्ने छ।

५. <u>निवेदन रूजु सम्बन्धी व्यवस्था:</u> (१) दफा ४ बमोजिम अनलाइन प्रणाली मार्फत निवेदन गर्ने निवेदकको अनलाइनमा प्रविष्ट गरेको देहायको विवरण तथा संलग्न गरिएका कागजातको सम्भव भएसम्म स्वचालित रूपमा अनलाईन रूजु गर्ने व्यवस्था निर्देशनालयले मिलाउने छ ।

(क) आवेदन फाराम साथ तोकिए बमोजिमको रकम बैङ्क जम्मा गरी सो को विवरण रित पूर्वक प्रविष्ट गरे, नगरेको,



प्रा.डा. ...कृष्ण गिरी
उपाध्यक्ष

(ख) आवेदन फारममा अनिवार्य रूपमा प्रविष्टि गर्नुपर्ने विवरण प्रविष्ट गरे, नगरेको,

(ग) आवेदन फारमसाथ अनिवार्य रूपमा संलग्न गर्नु पर्ने, प्रविष्टि गर्नु पर्ने कागज प्रमाण संलग्न गरे, नगरेको,

(घ) आयोगले सञ्चालन गरेको प्रवेश परीक्षाको स्कोरकार्ड सम्लग्न गरे, नगरेको,

(ङ) अनुमतिपत्रका लागि निवेदन गरेको तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता (विषय प्राप्ताङ्क प्रतिशत वा ग्रेड समेत) हासिल गरे, नगरेको,

(च) व्यावसायिक परिषद्मा दर्ता हुनुपर्ने विषयका हकमा परिषद्ले जारी गरेको दर्ता प्रमाणपत्र संलग्न गरे, नगरेको,

(छ) आयोगले सञ्चालन गरेको प्रवेश परीक्षा उत्तीर्ण गर्नेले अध्ययन गर्न जाने तह भन्दा एक तह मुनिको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र प्रविष्टि गरे, नगरेको,

(ज) आयोगले राष्ट्रियस्तरको परीक्षाको मान्यता दिएको प्रवेश परीक्षा उत्तीर्ण गर्नेले प्रवेश परीक्षाको स्कोरकार्ड सम्लग्न गरे, नगरेको,

(झ) आयोगले राष्ट्रियस्तरको परीक्षाको मान्यता दिएको प्रवेश परीक्षा उत्तीर्ण गर्नेले एसएलसी वा सो सरह देखि अध्ययन गर्न जाने तह भन्दा एक तह मुनिसम्मको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र संलग्न गरे, नगरेको,

(ञ) विदेशी विश्वविद्यालय वा वोर्डबाट प्रदान गरिएको शैक्षिक उपाधि हासिल गर्नेले लब्धाङ्कपत्र वा ट्रान्सक्रिप्टका अतिरिक्त पास सर्टिपिकेट डिग्री, अवार्ड सर्टिपिकेटका साथै समकक्षताको प्रमाणपत्र संलग्न गरे, नगरेको,

(ट) कुनै देश वा शिक्षण संस्था वा शैक्षिक कार्यक्रम विशेषका लागि थप कागजप्रमाण पेस गर्न तोकिएकोमा सो सम्बन्धी कागजात संलग्न गरे, नगरेको,

(ठ) अनुसूची- २ बमोजिमको कबुलियतनामा संलग्न गरे, नगरेको वा अनलाईन प्रणालीमा रहेको कबुलियतनामा मञ्जुरि गरे, नगरेको,

(ड) आयोग वा कार्यकारी समिति वा समितिको निर्णय अनुसार तोकिएका कागजात संलग्न गरे, नगरेको ।

(२) उपदफा (१) बमोजिम रूजु गर्दा आयोगले सञ्चालन गरेको प्रवेश परीक्षाको स्कोरकार्ड सहितका कागज प्रमाण अनलाईनमा प्रविष्ट गरेकोमा स्वचालित रुपमा रुजु गर्ने व्यवस्था निर्देशनालयले मिलाउने छ ।

तर स्वचालित रूपमा रूजु यकिन गर्न नसकिएका वा नसकिने विषयवस्तु निर्देशनालयबाट म्यानुअल रुपमा रूजु गर्ने व्यवस्था मिलाउनेछ ।

(३) उपदफा १ बमोजिम अनुमतिपत्र माग गरी अनलाईन निवेदन पेश गरेको विवरण एवम् कागजातहरूमध्ये विदेशमा अध्ययन गर्न चाहेको तह तथा विषय सम्बन्धमा देहायको विषयवस्तु दफा ६ को उपदफा (१) को समितिबाट सात दिन भित्र रुजु एकीन गर्ने व्यवस्था निर्देशनालयले मिलाउनु पर्ने छ ।

(क) अध्ययन गर्ने शिक्षण संस्थाको नाम, ठेगाना, तह, विषय, अध्ययन अवधि, कक्षा शुरू हुने मिति, इन्टर्नसीप गर्नु पर्ने विषयका हकमा सोको अवधि जस्ता न्यूनतम विषयवस्तुहरू स्पष्ट खुलाई सम्बन्धित कलेज वा विश्वविद्यालयले प्रदान गरेको भर्ना सुनिश्चित गरेको पत्र वा अफरलेटर वा आई ट्वान्टी र पाठ्यक्रम समावेश गरे, नगरेको।

(ख) जुन देशमा अध्ययन गर्न जाने हो सो देशको विश्वविद्यालयले तोकेको पाठ्यक्रम संलग्न गरे, नगरेको र अध्ययन अध्यापनको भाषा विश्वविद्यालयले तोके बमोजिम भए नभएको ।

(ग) अध्ययन/अभ्यासका लागि अस्पताल चाहिने विषयको हकमा सम्बन्धित मूलुकको प्रचलित ऐन कानून बमोजिम अस्पताल भए नभएको वा ईनटर्नसिप चाहिने विषयका हकमा अफर लेटर/सिलेवसमा सो विषय खुले नखुलेको।

(घ) जुन देश संस्थामा अध्ययन गर्न जान चाहेको हो सो देशका नागरिकले जुन सत्रमा अध्ययन गर्ने व्यवस्था छ सोही सत्रमा अध्ययन गर्ने गरी अनुमतिपत्र माग गरे नगरेको ।

(४) उपदफा (३) बमोजिमको तह तथा विषयको अध्ययन पश्चातको उपाधि सम्बन्धित परिषद्मा दर्ता योग्य हो वा होइन भनि स्पष्ट नभएमा निर्देशनालयले सम्बन्धित परिषद्वाट एकिन गर्न सक्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै बेहोरा उल्लेख भएतापनि कुनै नेपाली विद्यार्थीको रित पूर्वक पेस गरेको निवेदनमा अनुमतिपत्र व्यवस्थापन समितिको निर्णयबाट अनुमतिपत्र प्रदान गरिएको भए सोही विश्वविद्यालय वा शिक्षण संस्थामा सोही तह तथा विषयमा अध्ययन गर्न जान समान शैक्षिक योग्यता भएका अन्य नेपाली नागरिकले रित पूर्वक अनुमतिपत्र माग गरेमा अनुमतिपत्र व्यवस्थापन समितिको पूर्व निर्णयका आधारमा निर्देशनालयले अध्ययन अनुमतिपत्र प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(६) दफा (४) बमोजिम अनुमतिपत्रको अनलाईन निवेदनमा उल्लिखित विवरण तथा संलग्न कागजातहरूको आधिकारिकता जाँचबुझ गर्न मनासिव देखिएमा निर्देशनालयबाट सम्बन्धित राजदुतावास वा कुटनीतिक नियोग वा शिक्षण संस्था वा कागजातसँग सम्बन्धित आधिकारिक कार्यालय वा पदाधिकारीसँग पत्राचार वा इमेल गरी आवश्यक विवरण सत्यापन गर्न सक्नेछ ।

(७) दफा (४) बमोजिम पेस गरेको निवेदन जाँचबुझ गर्दा रितपूर्वकको विवरण प्रविष्टि नगरेका तथा संलग्न रहनु पर्ने कागजात पेश नगरेका निवेदकहरूलाई त्यस्तो विवरण तीस दिन भित्र अनलाईनमा प्रविष्टि गरी आवश्यक कागजात संलग्न गर्न र उक्त समय भित्र पेस नगरेमा अनलाईनबाट निवेदन हटाइने बेहोरा इमेल मार्फत जानकारी गराउनु पर्नेछ ।

(८) दफा (४) बमोजिम पेस गरेको निवेदन र सम्लग्न कागजात जाँचबुझ गर्दा झुट्टा विवरण तथा कागजात पेश गरेको पाईएमा वा पेस गरेका कागज प्रमाणका आधारमा अनुमतिपत्र प्रदान गर्न नसकिने भएमा त्यस्तो निवेदन रद्ध गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम रद्ध भएका निवेदन उपर कसैले रद्ध हुनु नपर्ने भए जानकारी पाएको मितिले तीस दिन भित्र समितिमा निवेदन गर्न सक्नेछ र समितिले आवश्यक बेहोरा तथा कागजात जाँचबुझ गर्न सक्नेछ ।

## परिच्छेद ३

## अनुमतिपत्र व्यवस्थापन समितिको गठन तथा काम कर्तव्य र अधिकार

६. **अनुमतिपत्र व्यवस्थापन समितिः** (१) उच्च शिक्षा अन्तर्गत चिकित्सा शिक्षा तर्फका कार्यक्रमहरू अध्ययनका लागि विदेशी शिक्षण संस्थामा जान चाहने व्यक्तिलाई दिइने अनुमतिपत्र सम्बन्धी व्यवस्थापन तथा समन्वयका लागि देहायको एक अनुमतिपत्र व्यवस्थापन समिति रहने छ ।

(क) मापदण्ड तथा प्रत्यायन निर्देशनालयको निर्देशक - संयोजक

(ख) सम्वन्धित विषयको विज्ञ एक जना - सदस्य

(ग) मापदण्ड तथा प्रत्यायन निर्देशनालयको उपसचिव - सदस्य

(घ) सम्वन्धित विषयगत परिषद्को प्रतिनिधि एक जना - सदस्य

(ङ) सम्बन्धित शाखा हेर्ने शाखा अधिकृत - सदस्य-सचिव

(२) उपदफा १ को खण्ड (ख) बमोजिमको सदस्य आयोगको कार्यकारी समितिले तोक्ने छ । यसरी तोक्दा विषयगत परिषद्मा दर्ता भएका विषय विज्ञहरू मध्येबाट विषयगत रुपमा एक, एक जनाको नाम तोक्न सक्ने छ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिमका सदस्य सम्वन्धित परिषद्ले सिफारिस गरे बमोजिम हुने छ ।

(४) उपदफा (१) को खण्ड (ख) र (घ) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुने छ ।

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

(५) माथि उपदफा (२) र (३) बमोजिमका सदस्य बैठकमा उपस्थित हुन नसकेमा वा सम्बन्धित परिषद्बाट रित पूर्वक सिफारिस हुन नसकेमा सम्बन्धित परिषद्मा दर्ता भएका विषय विज्ञहरूमध्येबाट आवश्यकतानुसार मापदण्ड तथा प्रत्यायन निर्देशनालयले विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

(६) माथि उपदफा १ को खण्ड (ख) र (घ) मा जुनसुकै व्यहोरा उल्लेख भएता पनि अनुमतिपत्र व्यवस्थापन समितिको बैठक बस्दा जुन परिषद्संग सम्बन्धित विषयका सम्बन्धमा बैठक बस्ने हो सोही परिषद्मा दर्ता भएको विषय विज्ञ र सोही परिषद्को प्रतिनिधि मात्र सदस्यको रूपमा उपस्थित हुनेछन् अन्य परिषद्का विज्ञ र प्रतिनिधिलाई निमन्त्रणा गर्नु पर्नेछैन ।

(७) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकताअनुसार नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालयको प्रतिनिधि र आयोगका पदाधिकारी, निर्देशक तथा कर्मचारीलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

(८) उपदफा (१) बमोजिमको समितिका पदाधिकारी र आमन्त्रित सदस्यले नियमानुसार बैठक भत्ता पाउने छन् ।

७. <u>अनुमतिपत्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>: (१) दफा ६ बमोजिमको अनुमतिपत्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) निर्देशनालयले खटिएका कर्मचारीबाट अनलाईन जाँचबुझ गराउदा अनुमतिपत्र जारी हुने नहुने यकिन गर्न नसकेका विषयमा थप जाँचबुझ गरी आवश्यक सिफारिस गर्ने,

(ख) नयाँ शैक्षिक संस्था, कार्यक्रम, शैक्षिक अवधि, सम्बन्धित देशको परिषद दर्ता जस्ता विषयमा आवस्यक निर्णय गर्ने र समितिले ठहर गर्न नसकेको विषयहरूमा सिफारिस सहित आयोगको कार्यकारी समितिमा पेश गर्ने,

(ग) अनुमतिपत्रका विषयमा कार्यकारी समितिबाट थप निर्णय गर्नु पर्ने देखिएका विषय निर्देशनालय मार्फत सिफारिस गर्ने,

(घ) अनुमतिपत्र सम्वन्धी कार्यलाई व्यवस्थित गर्न सरोकारवाला निकायहरू बीच समन्वय गर्ने गराउने,

(ङ) अनुमतिपत्र जारी गर्ने सम्बन्धी कार्य प्रक्रियामा देखिएका समस्या निरूपणका लागि पहल गर्ने,

(च) कार्यकारी समितिले तोकेका अन्य कार्यहरू ।

## परिच्छेद ४

## <u>अनुमतिपत्रको दस्तुर र अनुमतिपत्र जारी गर्ने सम्बन्धी व्यवस्था</u>



प्रा.डा. ... गिरी

८. <u>दस्तुर रकम सम्बन्धी व्यवस्थाः</u> (१) वैदेशिक अध्ययन अनुमतिपत्रका लागि स्नातक तहका लागि रु.३,००० (अक्षरेपी तीन हजार मात्र) र स्नातकोत्तर तह वा सोभन्दा माथिका फेलोसिप लगायतका कार्यक्रमका लागि रु. ५,००० (पाँच हजार मात्र) शुल्क आयोगको सूचनामा उल्लेख भए बमोजिम बुझाउनु पर्ने छ ।

(२) उपदफा (१) अनुसारको दस्तुर बैङ्क दाखिला गरेको बेहोरा बैङ्किङ्ग सिष्टमबाट अनलाईन सत्यापन भएपछी मात्र वैदेशिक अध्ययन अनुमतिपत्रका लागि निवेदन पेस गर्न अनलाईन प्रणालीमा पहुँच पुग्ने भएकोले तोकिएको बैकमा रकम दाखिला गरी आयोगको अनलाईन पोर्टलमा सोको विवरण प्रविष्टि गर्नुपर्ने छ ।

(३) वैदेशिक अध्ययन अनुमतिपत्रका लागि तोकिए बमोजिमको रकम बैक दाखिला गरे पछी फिर्ता नहुने भएकोले अनुमतिपत्र पाउन आफू योग्य भए नभएको यकिन गरेर मात्र आयोगको बैङ्क हिसावमा रकम जम्मा गर्नुपर्ने छ ।

९. <u>अनुमतिपत्र जारी सम्बन्धी व्यवस्थाः</u> (१) वैदेशिक अध्ययन अनुमतिपत्रका लागि दफा ४ बमोजिम पेस गरेको निवेदन र सम्लग्न कागजात दफा ५ बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा सम्बन्धित निवेदकलाई मापदण्ड तथा प्रत्यायन निर्देशनालयले अनुमतिपत्रका लागि निवेदन दिएकै अनलाईन प्रणालीबाट अनुमतिपत्र डाउनलोड गर्न मिल्ने लिङ्क सहितको बेहोरा जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुन सुकै बेहोरा उल्लेख भएतापनि कुनै निवेदकलाई सम्बन्धित परिषदको सहमतिमा वा समितिको निर्णय अनुसार कुनै तह तथा विषय अध्ययन गर्न जान अनुमतिपत्र जारी गरिएको भए अन्य नेपाली नागरिकले पेस गरेका कागज प्रमाण रूजु गर्दा सोही तह तथा विषय अध्ययन गर्न जान समान शैक्षिक योग्यता भएको कागज प्रमाण सम्लग्न गरेको पाइएमा त्यस्ता निवेदकका हकमा समितिको निर्णय विना पहिलेकै निर्णयको आधारमा निर्देशनालयले निवेदन दिएकै अनलाईन प्रणालीबाट अनुमतिपत्र डाउनलोड गर्न मिल्ने लिङ्क सहितको बेहोरा जानकारी गराउनु पर्नेछ ।

(३) निर्देशनालयले उपदफा (१) वा (२) बमोजिम अनलाईन प्रणालीबाट अनुमतिपत्र प्रदान गर्दा क्यू आर कोड सहितको स्नातक तहका लागि अनुसूची- ३ बमोजिम, स्नातकोत्तर तहका लागि अनुसूची- ४ बमोजिम र फेलोसिप तथा पिएच लागि अनुसूची- ५ बमोजिमको वैदेशिक अध्ययन अनुमतिपत्र जारी गर्ने व्यवस्था गर्नु पर्नेछ र सो को विवरण अनलाईन प्रणाली मार्फत वा उपयुक्त माध्यमबाट शिक्षा तथा खेलकुद मन्त्रालय र सम्बन्धित परिषद्लाई उपलब्ध गराउनु पर्नेछ ।

(४) यस निर्देशिका बमोजिम जारी गरिएको अनुमतिपत्रको मान्य अवधि सो अनुमतिपत्रमा उल्लिखित शैक्षिक कार्यक्रम पूरा गर्न लाग्ने अवधिसम्म कायम रहनेछ ।

(५) अनुमतिपत्रको क्रमाङ्क अध्ययनको तह अनुसार क्रमशः कायम हुने व्यवस्था गरी अनुमतिपत्रमा तहगत रूपमा उल्लेख गर्ने व्यवस्था आयोगले गर्न सक्नेछ ।



प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

१०. <u>शाखा सम्बन्धी व्यवस्थाः</u> (१) वैदेशिक अध्ययन अनुमति सम्बन्धी कार्य गर्ने शाखाको कार्य आयोगले निर्धारण गरेको कार्य विवरणमा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) यस निर्देशिकामा अन्यत्र उल्लिखित कार्यका अतिरिक्त शाखाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) निजी खर्च वा छात्रवृत्तिमा विदेशमा अध्ययन गर्न जान चाहने नेपाली विद्यार्थीले पेश गरेको निवेदन र संलग्न प्रमाण कागजातको विद्युतीय माध्यमद्वारा रुजु गर्ने,

(ख) अनुमतिका लागि पेश हुन आएका निवेदनको जाँचबुझ गर्ने, गराउने,

(ग) प्रक्रिया नपुगेका निवेदनलाई निवेदन सूचीबाट हटाउने र सोको जानकारी निवेदकलाई दिने,

(घ) प्रकृया पूरा भई आएका निवेदकलाई वैदेशिक अध्ययनको लागि अनुमतिपत्र प्रदान गर्ने,

(ङ) वैदेशिक अध्ययन अनुमतिपत्रको अभिलेख व्यवस्थापन गर्ने

(च) वैदेशिक अध्ययन अनुमतिपत्रसँग सम्बन्धित निकायसँग आवश्यक समन्वयको कार्य गर्ने,

(छ) नेपाली नागरिकले वैदेशिक अध्ययनका लागि अनुमतिपत्र लिएका मुलुक, तहगत, विषयगत, संस्थागत अभिलेख व्यवस्थापन गर्ने,

(ज) निर्देशनालय र आयोगले दिएका निर्देशनको कार्यान्वयन गर्ने, गराउने।

(३) अनुमतिपत्रको लागि निवेदकले पेस गरेको विवरण र कागजात रुजु जाँचबुझ गर्दा माग बमोजिमको अनुमतिपत्र जारी गर्न मनासिव देखिएमा निवेदन दिएकै प्रणालीबाट स्वीकृति पत्र डाउनलोड गर्न सकिने वेहोराको जानकारी इमेल मार्फत सम्बन्धित निवेदकलाई गराउनु पर्नेछ।

(४) निवेदन रुजु तथा जाँचबुझ सम्बन्धी कार्यलाई सरल र सहज रूपमा सम्पादन गर्ने प्रयोजनका लागि कर्मचारीलाई रुजु तथा जाँचवुझको जिम्मेवारी तोकी यथाशीघ्र कार्य सम्पादन हुने व्यवस्था मिलाउने जिम्मेवारी शाखा प्रमुखको हुनेछ।

(५) शाखाले समितिको सिफारिसमा वैदेशिक अध्ययन अनुमतिपत्र प्रदान गर्न सकिने विश्वविद्यालय, शैक्षिक संस्था तथा कार्यक्रमको सूची अद्यावधिक गर्नेछ।

## परिच्छेद ५

## <u>विविध</u>

१०. <u>विशेष व्यवस्थाः</u> (१) यो निर्देशिका लागू हुनुपूर्व काउन्सिल/परिषद्हरुबाट जारी भएका अनुमतिपत्र यसै निर्देशिका बमोजिम भएको मानिने छ ।

प्रा.डा. धीरकृष्ण गिरी
उपाध्यक्ष

(२) राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ जारी भए पश्चात आयोगले वैदेशिक अध्ययन अनुमतिपत्र जारी गर्न शुरू गरेको मिति २०७७ साल आश्विन १६ गते पूर्व नेपालका विश्वविद्यालय/प्रतिष्ठानले लिएको प्रवेश परीक्षा उत्तीर्ण गरेको भएता पनि रित पूर्वक सम्बन्धित परिषदबाट अनुमतिपत्र लिन छुटेका विद्यार्थीका हकमा सम्बन्धित परिषद्ले आवश्यक कागज प्रमाण जाँचबुझ गर्दा निज अध्ययन गर्न गएको सत्रमा सम्बन्धित परिषदबाट अनुमतिपत्र पाउन योग्य देखिएमा सम्बन्धित परिषदले अनुमतिपत्र जारी गर्न सक्नेछ, तर त्यसरी परिषदले अनुमतिपत्र जारी गरेको विवरण आयोगमा उपलव्ध गराउनु पर्नेछ ।

(३) कुनै व्यक्तिले एउटा विश्वविद्यालय/संस्थामा अध्ययन गर्नका लागि लिएको अनुमतिपत्र सोही संस्थाका लागि मात्र मान्य हुनेछ तर अर्को संस्थामा सोही तह तथा विषय सोही सत्रमा अध्ययन गर्नुपरेमा कारणसहितको निवेदन र थपशुल्क तिरी पहिले अनुमतिपत्र लिएको संस्था आयोग वा परिषद्मा निवेदन दिएमा पहिलेको विवरण समेत रूजु यकिन गरी पहिले अनुमति पत्र जारी गरेको संस्थाले नै रित पुगेमा अर्को अनुमतिपत्र प्रदान गर्न सक्नेछ ।

(४) यस निर्देशिकामा अन्यत्र जुन सुकै बेहोरा उल्लेख भएतापनि कुनै तह तथा विषयको अध्ययन पश्चात रित पूर्वक सम्बन्धित व्यवसायिक परिषदमा दर्ता भएको नेपाली नागरिकले पुन सोही तह तथा विषयमा नै पुन थप अध्ययन गर्न जान चाहेमा आयोगबाट अध्ययन अनुमतिपत्र लिई रहनु पर्ने छैन।

(५) आयोगले लिएको प्रवेश परीक्षाको मान्य अवधिभित्र वैदेशिक अध्ययनमा जानको लागि प्रक्रिया शुरु गरिसकेका विद्यार्थीले अध्ययन अनुमतिपत्र नलिदै अर्को वर्षको प्रवेश परीक्षा भइसकेको अवस्थामा अघिल्लो वर्षदेखि वैदेशिक अध्ययनमा जानको लागि प्रक्रिया शुरु गरेको पुष्टाई हुने कागजप्रमाण सहित अध्ययन अनुमतिपत्र माग गरेको अवस्थामा अर्को वर्षमा भर्ना हुनका लागि दफा ६ को उपदफा १ बमोजिमको समितिको निर्णय बमोजिम अध्ययन अनुमति पत्र (Eligibility Letter) दिन सकिने छ।

(६) प्रवेश परीक्षा सञ्चालन भइनसकेको विषयमा अध्ययन गर्न विदेश जाने प्रयोजनको लागि अन्य योग्यता र प्रमाण पुगेको तथा सम्बन्धित देशले अध्ययन अनुमति (अफर लेटर) दिएको अवस्थामा अध्ययन अनुमति पत्र (Eligibility Letter) दिन दफा ३ को उपदफा (१) को खण्ड (क) र (ग) को व्यवस्थाले बाधा पार्ने छैन।

(७) वैदेशिक अध्यन अनुमति पत्र (Eligibility letter) लिइसकेको व्यक्तिले अध्ययन अनुमति पत्र रद्द गरी पाउँ भनी निवेदन दिएमा देहायको अवस्थामा निर्देशनालयले इलिजिविलिटी लेटर रद्द गर्न सक्नेछ।

(क) आयोगबाट इलिजिविलिटी लेटर लिएता पनि शिक्षा तथा खेलकुद मन्त्रालयबाट NOC लिइ नसकेको अवस्थामा,

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

(ख) आयोगबाट इलिजिबिलिटी लेटर लिएता पनि शिक्षा तथा खेलकुद मन्त्रालयबाट NOC लिसकेको भए NOC रद्द गरी सो को प्रमाण पेश गरेमा,

(ग) NOC रद्द भएको जानकारी शिक्षा तथा खेलकुद मन्त्रालयको NOC Portal मा रहेको भए सोही अभिलेखका आधारमा NOC रद्द भएको मानिने,

(घ) अध्ययन गर्न जान विदेशी मुद्रा सटही गरी सकेको भए सो फिर्ता गरेको भएमा,

(ङ) माथि जुनसुकै बेहोरा उल्लेख भएतापनि झुठा विवंरण पेश गरी अध्ययन अनुमतिपत्र लिएको पहिचान भएकाको अध्ययन अनुमतिपत्र जुनसुकै बखत निर्देशनालयले रद्द गर्न सक्नेछ।

(८) नेपालका शिक्षण संस्थामा सशुल्क अध्ययनका लागि म्याचिङ भई सम्बन्धित कलेजमा भर्ना भई बसेका विद्यार्थीहरूलाई सम्वन्धित कलेज, विश्वविद्यालयले क्लेरेन्स सर्टिफिकेट दिएको अवस्थामा मात्र अध्ययन अनुमति पत्र दिन सकिने छ । तर छात्रवृत्ति कोटामा अध्ययन गरेका विद्यार्थीहरूको हकमा कबुलियतनामा अनुसारको कार्य पुरा गरेको वा बिगो, दण्ड, जरिवाना तिरि क्लेरेन्स सर्टिफिकेट लिएको अवस्थामा मात्र अध्ययन अनुमति पत्र दिन सकिने छ ।

(९) एउटा कलेजको लागि अध्ययन अनुमति पत्र लिए पश्चात विभिन्न कारणले सो कलेजबाट अर्को कलेजमा स्थानान्तरण हुन चाहनेको हकमा दुबै कलेज तथा विश्वविधालयको सहमति सहित स्थानान्तरण हुन चाहेको कलेजको लागि अध्ययन अनुमति पत्र (Eligibility Letter) माग गरेमा समितिको निर्णयले पुन अध्ययन अनुमति पत्र दिन सकिने छ।

(१०) एकिकृत प्रवेश परीक्षा वा सम्बन्धित देशको राष्ट्रिय स्तरको जुन शैक्षिक सत्रको प्रवेश परीक्षा उत्तीर्ण गरेको तर विशेष परिस्थितिवस सोहि वर्ष अनुमतिपत्र नलिई विदेशमा अध्ययन गर्न गएका विधार्थीहरुको हकमा विषयगत काउन्सील दर्ता गर्ने प्रयोजनको लागि र अध्ययन गर्न जाने समयमा अनुमतिपत्र पाउने योग्य भएतापनि अनुमतिपत्र नलिई विदेशमा अध्ययन गर्न गइ हाल अध्ययनरत रहेका विधार्थीहरुले अनुमतिपत्र माग गरी निवेदन दिएमा अन्य योग्यता र प्रक्रिया पुरा भएको अवस्थामा निजलाई सोही तहको बिलम्ब शुल्क (तह अनुसारको अध्ययन अनुमती पत्रको शुल्कको दोब्बर) लिई समितिको निर्णयले छ दिन सकिनेछ ।

(११) क्रेडिट आवर लागु भएका विदेशि विश्वविद्यालयको स्नातक तहको नर्सिङ लगायतका कोर्शहरूको अध्ययन अवधि नेपालको भन्दा फरक भएको अवस्थामा सम्बन्धित तहको न्युनतम क्रेडिट आवर पुरा हुने कोर्श अध्ययन गर्न जाने विद्यार्थीलाई समितिको निर्णय



प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

बमोजिम अध्ययन अनुमति पत्र (Eligibility Letter) दिन सकिनेछ। तर एकपटक निर्णय भइसकेको विषय र कार्यक्रम अध्ययन गर्न जाने व्यक्तिलाई अन्य योग्यता पुगेको भए पुर्व निर्णयका आधारमा निर्देशनालयले अध्ययन अनुमति पत्र (Eligibility Letter) दिन सक्ने छ।

(१२) दफा ६ को उपदफा (१) बमोजिमको समितिको संयोजकको पद रिक्त भएको अवस्थामा आयोगका उपाध्यक्ष वा उपाध्यक्षले तोकेको पदाधिकारिको संयोजकत्वमा र उपाध्यक्ष समेतको पद रिक्त भएको अवस्थामा आयोगका सदस्य सचिवको संयोजकत्वमा बैठक बसि सेवा प्रवाहलाई सुचारु गर्न सकिनेछ।

११. **अभिलेख भण्डारण तथा सुरक्षणः** (१) अनलाइन प्रणालीसंग सम्बन्धित डेटा र अनलाइन प्रणालीमा भण्डारण हुने डेटाको दैनिक रुपमा सर्भरमा अटो व्याकअप, मेनुअल व्याकअपको व्यवस्था मिलाई भण्डारण गरिनेछ ।

(२) आयोगको लिखित सहमति बिना कसैले कुनै पनि किसिमको डेटा तथा विवरणको उपयोग गर्न पाउने छैन ।

(३) सम्मानीत अदालतको आदेश वा प्रचलित कानून बमोजिम स्थापित सरकारी निकायले अनुसन्धानको लागि माग गरेको अवस्थामा वाहेक अनुमतिपत्र सम्बन्धी व्यक्तिगत विवरण गोप्य रहने छन् ।

१२. **अनुसूची शोधनः** कार्यकारी समितिले आवश्यकतानुसार यस कार्यविधिको अनुसूचीमा संशोधन गर्न सक्ने छ ।

१३. **खारेजी र बचाउः** (१) वैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिबिलिटी लेटर) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७९ खारेज गरिएको छ ।

(२) वैदेशिक अध्ययन अनुमतिपत्र (इलिजिबिलिटी लेटर) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७९ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

प्र.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

अनुसूची- १

(दफा ४ को उपदफा (३) सँग सम्वन्धित)

**वैदेशिक अध्ययन अनुमतिपत्र माग गर्दा आवश्यक पर्ने न्यूनतम् योग्यता र कागजात**

(१) वैदेशिक अध्ययनमा जान चाही अनुमतिपत्र माग गर्ने व्यक्तिले अध्ययन गर्न चाहेको तह, विषय तथा शैक्षिक सत्रसंग सम्वन्धित आयोगको अनलाइन पद्धतिमा माग गरिएका विवरण प्रविष्ठ गर्नु पर्नेछ ।

(२) वैदेशिक अध्ययनमा जान चाही अनुमतिपत्र माग गर्ने व्यक्तिले अध्ययन गर्न चाहेको तह, विषय तथा शैक्षिक सत्रसंग सम्बन्धित देहायका कागजात आयोगको अनलाइन पद्धतिमा स्क्यान गरी प्रविष्टि गर्नु पर्नेछ :

(क) जुन तह तथा विषयको अध्ययन गर्न जाने हो सोही तह तथा विषयको चिकित्सा शिक्षा आयोगबाट लिएको एकीकृत प्रवेश परीक्षा उत्तीर्ण गरेको स्कोरकार्ड,

(ख) माथि खण्ड (क) मा जुन सुकै वेहोरा उल्लेख भए तापनि विदेशका कुनै संस्थाले लिएको कुनै तह तथा विषयको प्रवेश परीक्षालाई आयोगको कार्यकारी समितिले राष्ट्रियस्तरको परीक्षा भनी मान्यता दिएकोमा सोही तह तथा विषयको लिखित प्रवेश परीक्षामा सोही देशको परीक्षा प्रणाली अनुसार उत्तीर्ण गरेको स्कोरकार्ड,

(ग) नेपालमा अध्यापन नहुने वा एकीकृत परीक्षा सञ्चालन नभएका विषयमा अध्ययन गर्नका लागि जुन तहमा अध्ययन गर्न विदेश जान चाहेको हो सोही तहको आयोगबाट लिइएको कुनै विषयको एकीकृत प्रवेश परीक्षा उत्तीर्ण गरेको भए सो को स्कोरकार्ड,

(घ) नेपाली नागरिकताको प्रमाणपत्र,

(ङ) शैक्षिक योग्यताको मार्कसिट/ग्रेडसिट, चारित्रिक प्रमाणपत्र, ट्रान्स्क्रिप्ट र योग्यता प्रमाणपत्र (विदेशी वोर्ड भएमा समकक्षता प्रमाणपत्रसमेत),

(च) अध्ययन गर्न जाने विश्वविद्यालय वा शिक्षण संस्थाले अध्ययन अवधि वर्ष वा क्रेडिट आवर (इन्टरनसिप आवश्यक हुनेमा सो अवधिसमेत खुलेको) र पढाई शुरूहुने मिति खुलाई अध्ययनका लागि आमन्त्रण गरेको वा भर्ना गरेको पत्र वा अफर लेटर वा आई ट्वान्टी र नयाँ कलेजको हकमा पाठ्यक्रम ।

(छ) सरकारी तवरबाट छात्रवृत्तिमा वा अन्य कुनै प्रक्रियाबाट अध्ययन गर्न चाहेको भए यस निर्देशिकामा तोकिए बमोजिमका कागजातसहित नेपाल सरकारको सम्बन्धित मन्त्रालयले मनोनयन गरेको पत्र,

(ज) नयाँ विषयको हकमा अध्ययन गर्न जाने विश्वविद्यालय वा शिक्षण संस्थाबाट पठनपाठन हुने पाठ्यक्रम बमोजिमको प्राप्त उपाधि सम्बन्धित काउन्सिलमा दर्ता योग्य हो भनी सम्बन्धित काउन्सिलले गरेको सिफारिस पत्र, (नयाँ विषय भन्नाले यस भन्दा अघि इलिजिविलिटी लेटर जारी नगरेको विषय सम्झनुपर्दछ ।)



प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

(३) अनुमतिपत्रका लागि माग गरिएका आवश्यक कागजातको सक्कलै प्रतिको स्क्यान गरी आयोगले तोकेको वेवसाइटमा प्रविष्टि गर्नु पर्नेछ

(४) समितिले निवेदन साथ पेस भएका कागजात उपर छानविन गर्न आवश्यक ठानेमा सम्बन्धित विद्यार्थीको सक्कल कागजात माग गरी जाँचबुझ र रुजु गर्न सम्बन्धित शिक्षण संस्थासँग पत्राचार, इमेल वा अन्य आवश्यक प्रकृया अवलम्बन गर्न सक्नेछ ।

(५) झुटो विवरण पेश गरी अनुमतिपत्र माग गर्ने वा लिने व्यक्तिको अनुमतिपत्र जुनसुकै वखत आयोगले बदर गरी नीजलाई प्रचलित कानुनबमोजिम कारवाही गर्न सम्बन्धित निकायमा लेखि पठाउन सक्ने छ ।

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

अनुसूची- २

(दफा ५ को उपदफा (१) को खण्ड (ठ) सँग सम्वन्धित)

कबुलियतनामा

मितिः...

श्रीमान् निर्देशकज्यू,
चिकित्सा शिक्षा आयोग
सानोठिमी, भक्तपुर ।

बिषयः— कबुलियतनामा सम्बन्धमा ।

प्रस्तुत विषयमा म निवेदक .....................................देशको ................................ विश्वविद्यालय वा उक्त विश्वविद्यालयको आङ्गिक कलेज/ संस्था ........................ ......................... मा स्नातक तह /स्नातकोत्तर तह / फेलोसिपमा ........................................................... बिषय अध्ययन गर्न जानु पर्ने भएकोले उक्त देशका नागरिकले अध्ययन गर्ने सत्र सन् २०......... को ...............महिना देखि सन् .........को .......... महिनासम्म अध्ययन गर्न जान Eligibility Letter उपलव्ध गराइदिनुहुन अनुरोध छ ।

मैले अध्ययन गर्न जान चाहेका देशका नागरिकले अध्ययन गर्ने सत्रमा नै अध्ययन गर्ने छु । अध्ययन समास भए पछि अध्ययन अवधि/ क्रेडिट आवर लगायत प्रचलित कानून बमोजिमको प्रावधान पूरा नभएका कारण समकक्षता प्राप्त हुन नसकेमा र सम्वन्धित विषयगत काउन्सिलमा दर्ता हुन नसकेमा वा नभएमा म स्वयम जिम्मेवार हुनेछु । म यस आयोगबाट अध्ययनका लागि कुनै शैक्षिक संस्थामा मनोनयन भएको छैन, र आयोगबाट मनोनयन भइ अध्ययनरत रहेको पनि छैन । साथै यस वर्ष आयोगले सञ्चालन गर्ने म्याचिङ्गमा पनि सहभागी हुने छैन भएमा यसै कबुलियतनामाका आधारमा मेरो मनोनयन नभएमा मञ्जुर छ । मैले आयोगको वेवसाईटमा दिएको लिङ्कमा अनलाईन मार्फत पेस गरेका कागज प्रमाण र यो कबुलियतनामामा दिएका विवरण सहि साँचो हुन झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला भनि सहिछाप गरिदियाँ ।

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

निबेदकको विवरण

नाम थरः.............................
हस्ताक्षरः.............................
अध्ययन गर्न जाने विषयः.........................
अध्ययन गर्ने तहः.................................
अध्ययन अवधिः ...........बर्ष.............महिना
उक्त अध्ययन अवधिमा पूरा हुने क्रेडिट आवर............
अध्ययन गर्न जाने देशः ...............................
अध्ययन शुरू मितिः सन् २०.......................
अध्ययन पुरा हुने मितिः.........................

ईति सम्वत् २०............ साल ............ महिना ............... गते........शुभम्।

अनुसूची- ३

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

वैदेशिक अध्ययन अनुमतिपत्रको नमूना (स्नातक तह)

Student ID:

Ref No.: **UG Eligibility**

Photo

**ELIGIBILITY LETTER FOR UNDERGRADUATE COURSE**

Ministry of Education, Science and Technology

Kathmandu, Nepal.

Evaluating the application by the following candidate and through verification of submitted documents, the student with following details is approved for higher education abroad.

Full Name (Capital Letters): ―――――――― Sex: ―――

Date of Birth: (AD): ――――― (BS): ―――――

Citizenship No. ――――District: ――― Issued Date: ――――

Father's/Mother's name: ―――― / ――――

Permanent Address: ――――..................

Highest Educational Qualifications: ――――GPA/Percentage: ――――

Professional Council Regd No./Council: ―― ―――.

Intended College/ Institution to Join: ――――..

Affiliated University/Institution to Join: ――――――. ―.Country: ―.

Intended Level/Course: Undergraduate / ―――.

Duration of the Course: (YY/MM) to (YY/MM) Enrollment Year/Session: ――.

Medium of Instruction (Language):

Entrance Exam Conducted By: ―. Level: ――. Subject: ―――

Entrance Roll No. : ―― Merit: ―. Score: ―. Obtained Percent/Percentile: ―

Recommendation Letter Issued by: ―.. Council Ref. No. : ―.. Date: ―.

Subject wise full marks, marks obtained, percentage or GP ―..

| Subject | Full Marks / GP | Obtained Marks / Grade | Obtained Percentage / GP |
|---|---|---|---|
| | | | |

प्र.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |

CC:

**Professional Council:**

**Student:**

..................................................

**Checked By:** **Issued Date:**

**Name**
**Designation**

**Note**

१. This letter is valid for specified university college and subjects. Prior approval is required to change the subject and institution if required.

२. Candidate must be admitted in the course/program prescribed for native student of the country intended to study.

३. After completion of the study the candidate may have to sit in the examination for professional license prescribed by respective professional council

४. Candidate who went to study abroad with this eligibility letter himself / herself will be responsible for equivalence and registration in the respective Professional Council.

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

अनुसूची- ४

(दफा ९ को उपदफा (३) सँग सम्वन्धित)

वैदेशिक अध्ययन अनुमतिपत्रको नमूना (स्नातकोत्तर तह)

Photo

Student ID:

Ref No.: **PG Eligibility**

## ELIGIBILITY LETTER FOR POSTGRADUATE COURSE

Ministry of Education, Science and Technology

Kathmandu, Nepal

Evaluating the application by the following candidate and through verification of submitted documents, the student with following details is approved for higher education abroad.

Full Name (Capital Letters): ———————— Sex: ———

Date of Birth: (AD): ———— (BS): ————

Citizenship No. ————District: ——— Issued Date: ————

Father's/Mother's name: ———— / ————

Permanent Address: ————...................

Highest Educational Qualifications: ———— GPA/Percentage: ————

Professional Council Reg No./Council: ——— ————.

Intended College/ Institution to Join: ————..

Affiliated University/Institution to Join: ————. —.Country: ——.

Intended Level/Course: Postgraduate / ——. Specialty: ————

Duration of the Course: (YY/MM) to (YY/MM) Enrollment Year/Session: ——.

Medium of Instruction (Language):

Entrance Exam Conducted By: ......... Level: ——. Subject: ———

Entrance Roll No. : —— Merit: —. Score: ............ Obtained Percent/Percentile: –

Recommendation Letter Issued by: —.. Council Ref. No. : –.. Date: —.

**CC:**

**Professional Council:**

प्रा.डा. श्रीकृष्ण गिरि
उपाध्यक्ष

Student:

Checked By: Issued Date:

.....................................................

Name

Designation

Note

१. This letter is valid for specified university college and subjects. Prior approval is required to change the subject and institution if required.

२. Candidate must be admitted in the course/program prescribed for native student of the country intended to study.

३. After completion of the study the candidate may have to sit in the examination for professional license prescribed by respective professional council.

४. Candidate who went to study abroad with this eligibility letter himself / herself will be responsible for equivalence and registration in the respective Professional Council.

प्रा.डा. श्रीकृष्ण गिरी

उपाध्यक्ष

अनुसूची- ५

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

<u>वैदेशिक अध्ययन अनुमतिपत्रको नमूना (फेलोसिप)</u>

Student ID:

Ref No.: **Fellowship Eligibility**

**ELIGIBILITY LETTER FOR FELLOWSHIP**

Ministry of Education, Science and Technology

Kathmandu, Nepal

Evaluating the application by the following candidate and through verification of submitted documents, the student with following details is approved for higher education abroad.

Full Name (Capital Letters): —————— Sex: ——

Date of Birth: (AD): ———— (BS): ————

Citizenship No. ————District: ——— Issued Date: ————

Father's/Mother's name: ———— / ————

Permanent Address: ————..................

Highest Educational Qualifications: ———— GPA/Percentage: ————

Professional Council Regd No./Council: ——— ————.

Intended College/ Institution to Join: ————..

Affiliated University/Institution to Join: ——————. —.Country: ——.

Intended Level/Course: Fellowship Specialty: ————

Duration of the Course: (YY/MM) to (YY/MM) Enrollment Year/Session: ——.

Medium of Instruction (Language):

Entrance Exam Conducted By: .......... Level: ——. Subject: ——

Entrance Roll No. : —— Merit: —. Score: ............ Obtained Percent/Percentile: –

Recommendation Letter Issued by: —.. Council Ref. No. : –.. Date: —.

<u>CC:</u>

**Professional Council:**

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष

**Student:**

**Checked By:** **Issued Date:**

..................................................

**Name**

**Designation**

**Note**

१. This letter is valid for specified university college and subjects. Prior approval is required to change the subject and institution if required.

२. Candidate must be admitted in the course/program prescribed for native student of the country intended to study.

३. After completion of the study the candidate may have to sit in the examination for professional license prescribed by respective professional council.

४. Candidate who went to study abroad with this eligibility letter himself / herself will be responsible for equivalence and registration in the respective Professional Council.

प्रा.डा. श्रीकृष्ण गिरी
उपाध्यक्ष